# महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

मञ्जु कुमारी साह

परीक्षा क्रमाङ्क : ७२२८०५७/०७५

त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-२९-७०३-२००९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत
स्नातकोत्तर तह चौथो सत्र नेपा.शि. ५४४ पाठ्यांशको
प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर

२०७५/2019

महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

१२/०७६

मञ्जु कुमारी साह

## प्रतिबद्धतापत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरू कहीँ कतैबाट साभार गरिएका छैनन् । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका पनि छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७५/१२/१०

.........................

मञ्जु कुमारी साह

शोधार्थी

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षाअन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टरको नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत 'महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता' शीर्षकमा शोधपत्र शोधार्थी मञ्जु कुमारी साहले मेरो निर्देशनमा रही तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

उपप्रा. गोपालबहादुर श्रेष्ठ

(शोधनिर्देशक)

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर

मिति : २०७६/०१/०२

April 15, 2019

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र सङ्काय

नेपाली भाषा शिक्षा विभाग

कीर्तिपुर, काठमाडौं

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह चौथो सेमेस्टरकी छात्रा मञ्जु कुमारी साहले नेपाली भाषा शिक्षा विषयको (नेपा.शि.५४४) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'महोत्तरी जिल्लाका कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता' शीर्षकमा तयार पार्नुभएको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई (विभागीय प्रमुख) | ............................. |
| २. | डा. अम्बिकादेवी घिमिरे (शोधविशेषज्ञ) | ............................. |
| ३. | उपप्रा. गोपालबहादुर श्रेष्ठ (शोधनिर्देशक) | ............................. |

मिति : २०७६/०१/२३
May 6, 2019

# कृतज्ञताज्ञापन

शोधकार्य एक आफैंमा गहन र जटिल विषय हो । यो कार्य सम्पन्न गर्नका लागि कठोर परिश्रम तथा धैर्यको आवश्यकता पर्ने कुरा यस अनुसन्धानका क्रममा थाहा भएको छ । प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारेकी हुँ । शोधपत्रको लागि प्रस्तावना तयार गर्ने कार्यदेखि सामग्री निर्माण, तथ्याङ्क सङ्कलन, विश्लेषण तथा परिमार्जन गरी अन्तिम रूप दिनका निम्ति आफ्नो अमूल्य समय खर्चेर मलाई समय दिनुहुने शोधनिर्देशक श्रद्धेय गुरु उपप्रा. गोपालबहादुर श्रेष्ठप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको निरन्तर उत्साहवर्द्धक प्रेरणा, कुशल निर्देशन तथा महत्त्वपूर्ण सुझावको कारण यो अध्ययन सार्थक भएकाले यसको प्रथम श्रेय उहाँलाई नै दिँदै हार्दिक आभार समेत व्यक्त गर्न चाहन्छु ।

प्रस्तुत शोधपत्रका लागि समयमा नै मेरो शोधप्रस्ताव स्वीकार गरी अध्ययन कार्य थालनी गर्न सहयोग पुऱ्याउने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराई लगायत समस्त नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मेरो अध्ययनलाई आजको अवस्थासम्म पुऱ्याउन सदैव स्नेह, आशीर्वाद, सुझाव, सल्लाह र आवश्यक सहयोग गर्ने मेरा आमा शैलीदेवी साह, बुवा श्री जयनारायण साह, सासुआमा सियादेवी साह र ससुरा बुवा श्री राजेन्द्र साहप्रति म आजीवन ऋणी छु । त्यस्तै मेरो श्रीमान् परमेश्वर साह जसले हर क्षण मलाई सहायता गरेर, हौसला बढाएर मलाई निरन्तर कार्यमा लाग्ने प्रेरणा दिई रहनुहुन्छ उहाँप्रति म हृदयदेखि नै कृतज्ञ छु ।

प्रस्तुत अध्ययनका क्रममा विभिन्न विद्वान्हरूका विचार र भनाइहरूले अनुसन्धानमा सहजता प्राप्त भएकाले उहाँहरूप्रति समेत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । प्रस्तुत शोधपत्रको लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सम्बन्धित विद्यालयहरूका प्रधानाध्यापकहरू, शिक्षकहरू तथा विद्यार्थीहरूलाई विशेष रूपमा धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्रलाई पूर्ण आकार दिनका लागि मेरा आदरणीय गुरुवर्ग, आफन्तजन इष्टमित्र तथा साथीहरूबाट प्राप्त सल्लाह, सुझाव र हौसलाले महत्त्वपूर्ण सहयोग प्राप्त भयो । यसका लागि म उहाँहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । अध्ययन अनुसन्धान विश्लेषण तथा प्राविधिक पक्षका सम्बन्धमा यसमा केही कमीकमजोरी भएको भए त्यसलाई विनम्रतापूर्वक स्वीकार गर्दछु । शोधपत्र टाइप गरी सहयोग पुऱ्याउनु भएकोमा 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यो शोधकार्य लेखन सफल पार्नका लागि आर्थिक सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरप्रति आभार व्यक्त गर्दछु । (MRS/75-76/Edu-17).

मञ्जु कुमारी साह

(शोधार्थी)

# शोधसार

प्रस्तुत शोधकार्य 'कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता' शीर्षकमा आधारित रहेर तयार पारिएको छ । उक्त शोधकार्यमा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन गर्नु र लैङ्गिक आधारमा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमताको अध्ययन गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् ।

प्रस्तुत शोधकार्यमा महोत्तरी जिल्लाका पाँचवटा संस्थागत विद्यालयका २५ छात्रा र २५ छात्र र पाँचवटा सामुदायिक विद्यालयका २५ छात्रा र २५ छात्र गरी जम्मा १०० जना विद्यार्थी र दश ओटा विद्यालय नमुना सङ्ख्याका रूपमा लिइएको छ । सामग्री सङ्कलनका लागि कक्षा आठको नेपाली पाठ्यपुस्तकबाट शब्द, वाक्य र कविताको पङ्क्तिको सूची बनाई उक्त निर्धारित सूचीको शब्द, वाक्य र कविताको पङ्क्तिहरू विद्यार्थीहरूलाई पालैपालो गरी उच्चारण गर्न लगाएर टेप रेकर्ड गरिएको थियो, साथै त्यसमा देखिएका त्रुटिहरू कापीमा टिपिएको थियो । यसैगरी आवश्यक प्राथमिक सामग्रीहरू सङ्कलन गरिएको छ ।

यस अध्ययनमा सङ्कलित तथ्याङ्कहरूको विश्लेषण गर्दा कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूलाई प्राणत्वसम्बन्धी शब्दहरू, घोषत्वसम्बन्धी शब्दहरू, हलन्त र अजन्त वर्णयुक्त शब्दहरू, संयुक्त 'स' वर्णयुक्त शब्दहरू, 'य/ए' वर्णयुक्त शब्दहरू, 'ड/ढ', 'व, ब' र अकार र आकार लागेका शब्दहरू, 'ण' वर्णयुक्त शब्दहरू, 'क्ष' वर्णयुक्त शब्दहरू, संयुक्त वर्णसँगको र को उच्चारण हुने शब्दहरू, रेफ ( र्‍ ) लागेका शब्दहरू, वाक्यगत उच्चारण र कविताको 'पङ्क्तिगत' उच्चारण गर्न लगाइएको थियो । जसमध्ये प्राणत्वसम्बन्धी शब्दहरूमध्ये 'साडी' शब्दमा सबैभन्दा बढी १०० प्रतिशत, घोषत्वसम्बन्धी शब्दहरुमा 'किताब' र 'लाग्छ' शब्दमा १०० प्रतिशत, हलन्त र अजन्त वर्णयुक्त शब्दहरूमध्ये 'घर', 'काम' र 'एवम्' शब्दमा १०० प्रतिशत, 'व र ब' वर्णयुक्त शब्दहरुमा 'वाक्य' र 'साबुन' शब्दमा १०० प्रतिशत, 'क्ष' वर्णयुक्त शब्दहरुमा 'क्षेत्र' शब्दमा १०० प्रतिशत र रेफ लागेका शब्दहरूमध्ये 'धर्ती' शब्दको उच्चारणमा १०० प्रतिशत विद्यार्थीहरूको शुद्ध उच्चारण क्षमता रहेको पाइन्छ । यसैगरी 'ण' वर्णयुक्त शब्दहरूमा सबैभन्दा न्यून प्रतिशत उच्चारण

क्षमता रहेको पाइयो । त्यसैगरी ‘क्ष’ वर्णयुक्त शब्दहरूमध्ये ‘क्षण’ शब्दमा ३ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइन्छ । विद्यार्थीहरूले ‘ण’ वर्णलाई ‘न’ र ‘क्ष’ वर्णलाई ‘छ’ उच्चारण गरेको हुनाले ‘ण’ र ‘क्ष’ वर्णयुक्त शब्दहरूमा सबैभन्दा बढी त्रुटि गरेको पाइन्छ । वाक्यगत उच्चारणमा ‘हाम्रो देश हामीलाई प्यारो लाग्छ’ र ‘रमिता मिहिनती छिन्’ वाक्यमा सबैभन्दा बढी ९७ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ भने ‘विचरा ! श्यामको बुवा हिजो खस्नु भएछ’ वाक्यमा ३९ प्रतिशत विद्यार्थीहरूले मात्र शुद्ध उच्चारण गरेको पाइन्छ । विद्यार्थीहरूले ‘विचरा’ शब्दलाई विचारा र ‘श्याम’ शब्दलाई ‘सयाम’ उच्चारण गरी त्रुटि गरेको पाइन्छ । यसैगरी कविताको पङ्क्तिगत उच्चारणमा मारुनी, घाटु, सोरठी, सेलो, सवाई, दोहोरी मान्दैन मन, आनन्दसँग नखेली नहेरी ॥ पङ्क्तिमा सबभन्दा बढी ७७ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेको पाइन्छ । वाक्यगत र पङ्क्तिगत उच्चारणमा असावधानीका कारण विद्यार्थीहरूले बढी त्रुटि गरेको पाइन्छ ।

अन्तमा कक्षा आठमा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमतामा सुधार ल्याउन उच्चारणगत त्रुटिको निराकरणका सुझावहरू प्रस्तुत गरिएको छ ।

# विषयसूची

पृष्ठ


## अध्याय एक

## शोधपरिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याकथन २

१.३ शोधकार्यको उद्देश्य ३

१.४ शोधकार्यको सान्दर्भिकता र उपादेयता ३

१.५ शोधकार्यको सीमाङ्कन ४

## अध्याय दुई

## पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

२.१ पूर्वकार्यको समीक्षा ५

२.१.१ पुस्तक समीक्षा ५

२.१.२ शोधकार्यको समीक्षा ८

२.२ सैद्धान्तिक अवधारणा १४

२.२.१ उच्चारणको परिचय १४

२.२.२ उच्चारणको महत्त्व र आवश्यकता १५

२.२.३ उच्चारणको त्रुटि क्षेत्र १७

२.२.४ उच्चारण शिक्षणका कार्यकलाप/तरिका २१

२.२.५ उच्चारण शिक्षणको क्रम २३

२.२.६ उच्चारण सम्बन्धी कमजोरीका कारणहरू २३

२.२.७ उच्चारणसम्बन्धी समस्याहरूको समाधानका उपायहरू २६

## अध्याय तीन

## अध्ययन विधि र प्रक्रिया

३.१ जनसङ्ख्या २९

३.२ नमुना छनोट २९

३.३ तथ्याङ्क सङ्कलनका स्रोतहरू २९

३.३.१ प्राथमिक स्रोत २९

३.३.२ द्वितीयक स्रोत ३०

३.४ तथ्याङ्क सङ्कलनका साधनहरू ३०

३.५ तथ्याङ्क विश्लेषण ३०

३.६ शोधकार्यको रूपरेखा ३०

अध्याय चार

कक्षा आठमा अध्ययनरत मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

४.१ प्राणत्वसम्बन्धी शब्दहरू ३३
४.२ घोषत्वसम्बन्धी शब्दहरू ३४
४.३ हलन्त र अजन्त वर्णयुक्त शब्दहरू ३५
४.४ संयुक्त 'स' वर्णयुक्त शब्दहरू ३६
४.५ य/ए वर्णयुक्त शब्दहरू ३७
४.६ ड/ढ वर्णयुक्त शब्दहरू ३८
४.७ व/ब वर्णयुक्त शब्दहरू ३९
४.८ अकार र आकार लागेका शब्दहरू ४०
४.९ 'ण' वर्णयुक्त शब्दहरू ४१
४.१० 'क्ष' वर्णयुक्त शब्दहरू ४२
४.११ संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू ४३
४.१२ रेफ ( ) लागेका शब्दहरू ४४
४.१३ वाक्यगत उच्चारण ४५
४.१४ कविताको श्लोकगत पंक्तिको उच्चारण ४७

अध्याय पाँच

विद्यालय प्रकृतिका आधारमा मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

५.१ प्राणत्वसम्बन्धी शब्दहरू ४९
५.२ घोषत्वसम्बन्धी शब्दहरू ५०
५.३ हलन्त र अजन्त वर्णयुक्त शब्दहरू ५१
५.४ संयुक्त 'स' वर्णयुक्त शब्दहरू ५२
५.५ य/ए वर्णयुक्त शब्दहरू ५३
५.६ ड/ढ वर्णयुक्त शब्दहरू ५४
५.७ व/ब वर्णयुक्त शब्दहरू ५५
५.८ अकार र आकार लागेका शब्दहरू ५६
५.९ 'ण' वर्णयुक्त शब्दहरू ५७
५.१० 'क्ष' वर्णयुक्त शब्दहरू ५८
५.११ संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू ५९
५.१२ रेफ ( ) लागेका शब्दहरू ६०

५.१३ वाक्यगत उच्चारण ६१
५.१४ कविताको श्लोकगत पङ्क्तिको उच्चारण ६३

## अध्याय छ

## लैङ्गिक आधारमा मैथिलीभाषी विद्यार्थीहरूको नेपाली उच्चारण क्षमता

६.१ प्राणत्वसम्बन्धी शब्दहरू ६५
६.२ घोषत्वसम्बन्धी शब्दहरू ६६
६.३ हलन्त र अजन्त वर्णयुक्त शब्दहरू ६७
६.४ संयुक्त 'स' वर्णयुक्त शब्दहरू ६८
६.५ य/ए वर्णयुक्त शब्दहरू ६९
६.६ ड/ढ वर्णयुक्त शब्दहरू ७०
६.७ व/ब वर्णयुक्त शब्दहरू ७१
६.८ अकार र आकार लागेका शब्दहरू ७२
६.९ 'ण' वर्णयुक्त शब्दहरू ७३
६.१० 'क्ष' वर्णयुक्त शब्दहरू ७४
६.११ संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू ७५
६.१२ रेफ ( ) लागेका शब्दहरू ७६
६.१३ वाक्यगत उच्चारण ७७
६.१४ कविताको श्लोकगत पङ्क्तिको उच्चारण ७९

## अध्याय सात

## सारांश, निष्कर्ष र उपयोगिता

७.१ सारांश ८१
७.२ निष्कर्ष ८३
७.३ सुझाव ८६
७.४ उपयोगिता ८९
    ७.४.१ नीतिगत तह ८९
    ७.४.२ प्रयोगगत तह ९०
७.५ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू ९१
**सन्दर्भसामग्री सूची** ९२
**परिशिष्ट**
**व्यक्तिवृत्त**

# तालिका सूची


| | | पृष्ठ |
|---|---|---|
| १. | प्राणत्वसम्बन्धी शब्दहरू | ३३ |
| २. | घोषत्वसम्बन्धी शब्दहरू | ३४ |
| ३. | हलन्त र अजन्त वर्णयुक्त शब्दहरू | ३५ |
| ४. | संयुक्त ‘स’ वर्णयुक्त शब्दहरू | ३६ |
| ५. | य/ए वर्णयुक्त शब्दहरू | ३७ |
| ६. | ड/ढ वर्णयुक्त शब्दहरू | ३८ |
| ७. | व/ब वर्णयुक्त शब्दहरू | ३९ |
| ८. | अकार र आकार लागेका शब्दहरू | ४० |
| ९. | ‘ण’ वर्णयुक्त शब्दहरू | ४१ |
| १०. | ‘क्ष’ वर्णयुक्त शब्दहरू | ४२ |
| ११. | संयुक्त वर्णसँगको ‘र’ को उच्चारण हुने शब्दहरू | ४३ |
| १२. | रेफ ( र् ) लागेका शब्दहरू | ४४ |
| १३. | वाक्यगत उच्चारण | ४६ |
| १४. | कविताको पङ्क्ति | ४८ |
| १५. | प्राणत्वसम्बन्धी शब्दहरू | ४९ |
| १६. | घोषत्वसम्बन्धी शब्दहरू | ५० |
| १७. | हलन्त र अजन्त वर्णयुक्त शब्दहरू | ५१ |
| १८. | संयुक्त ‘स’ वर्णयुक्त शब्दहरू | ५२ |
| १९. | य/ए वर्णयुक्त शब्दहरू | ५३ |
| २०. | ड/ढ वर्णयुक्त शब्दहरू | ५४ |
| २१. | व/ब वर्णयुक्त शब्दहरू | ५५ |
| २२. | अकार र आकार लागेका शब्दहरू | ५६ |
| २३. | ‘ण’ वर्णयुक्त शब्दहरू | ५७ |
| २४. | ‘क्ष’ वर्णयुक्त शब्दहरू | ५८ |
| २५. | संयुक्त वर्णसँगको ‘र’ को उच्चारण हुने शब्दहरू | ५९ |
| २६. | रेफ ( र् ) लागेका शब्दहरू | ६० |

| | | |
|---|---|---|
| २७. | वाक्यगत उच्चारण | ६१ |
| २८. | कविताको पङ्क्ति | ६३ |
| २९. | प्राणत्वसम्बन्धी शब्दहरू | ६५ |
| ३०. | घोषत्वसम्बन्धी शब्दहरू | ६६ |
| ३१. | हलन्त र अजन्त वर्णयुक्त शब्दहरू | ६७ |
| ३२. | संयुक्त 'स' वर्णयुक्त शब्दहरू | ६८ |
| ३३. | य/ए वर्णयुक्त शब्दहरू | ६९ |
| ३४. | ड/ढ वर्णयुक्त शब्दहरू | ७० |
| ३५. | व/ब वर्णयुक्त शब्दहरू | ७१ |
| ३६. | अकार र आकार लागेका शब्दहरू | ७२ |
| ३७. | 'ण' वर्णयुक्त शब्दहरू | ७३ |
| ३८. | 'क्ष' वर्णयुक्त शब्दहरू | ७४ |
| ३९. | संयुक्त वर्णसँगको 'र' को उच्चारण हुने शब्दहरू | ७५ |
| ४०. | रेफ ( र्  ) लागेका शब्दहरू | ७६ |
| ४१. | वाक्यगत उच्चारण | ७७ |
| ४२. | कविताको पङ्क्ति | ७९ |